# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४९ सालको ऐन नं २०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्

## पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०४८ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन,२०४८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

४५० ३२१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसद्ले यो ऐन बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी (पहिलो संशोधन) ऐन,२०४९" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन,२०४८ को दफा १६ मा संशोधन : पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐन,२०४८ (यस पछि "मूल ऐन" भनिएको) को दफा १६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) न्यायाधीशले प्रत्येक वर्ष पारिश्रमिक सहितको ६ दिन भैपरी आउने बिदा र ६ दिन पर्व बिदा लिन सक्नेछ।"

३. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को,-

(१) उपदफा (२) मा रहेका "पुनरावेदन अदालतको" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपदफा (४) मा रहेका "जिल्ला अदालत" भन्ने शब्दहरू झिकिएका छन् र सोही



४६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपदफाको प्रतिबन्धात्मक वाक्यांशमा रहेका "छैन भन्ने" शब्दहरू पछि "पुनरावेदन अदालतको मुख्य न्यायाधीशको हकमा प्रधान न्यायाधीशलाई र अन्य न्यायाधीशहरूको हकमा" भन्ने शब्दहरू थपिएका छन्।

(३) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ :-

"(५) उपदफा (२) बमोजिम बिरामी बिदा लिने न्यायाधीशको मृत्यु भएमा पेश्की लिएको बिदा स्वतः मिनाहा हुनेछ।"

(४) उपदफा (६) झिकिएको छ।

४. <u>मूल ऐनको दफा २३ मा संशोधनः</u> मूल ऐनको दफा २३ को उपदफा (४) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर त्यसरी बिदा लिनु अघी यथासम्भव पुनरावेदन अदालतको न्यायाधीशले मुख्य न्यायाधीशलाई र जिल्ला अदालतको अतिरिक्त न्यायाधीशले जिल्ला न्यायाधीशलाई मौखिक सूचना दिनु पर्नेछ।"

५. <u>मूल ऐनको दफा २६ मा संशोधन</u> : मूल ऐनको दफा २६ को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छ :-

"(६) जिल्ला अदालतमा भएको कार्यबोझको विचार गरी प्रधान न्यायाधीशले एक जिल्ला अदालतको कुनै न्यायाधीशलाई अर्को जिल्ला अदालतमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

काज खटाउन सक्नेछ र त्यसरी काज खटाउंदा न्याय परिषदलाई त्यसको सूचना दिनु पर्नेछ।"

६. मूल ऐनको दफा २७ मा संशोधन : मूल ऐनको दफा २७ को,-

(१) उपदफा (१) को खण्ड (घ) मा रहेका "निजामती कर्मचारीले पाए सरहको खर्च" भन्ने शब्दहरूको सट्टा "कूल सेवा अवधिमा रू.२,३००।- मा नबढने गरी एक पटकमा रू.७००।- सम्मको बिल बमोजिमको खर्च" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "उपचार गर्न" भन्ने शब्दहरूको सट्टा "उपचारको लागि आवश्यक भएमा" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (७) मा रहेका "रकम न्यायाधीशले लिन पाउनेछ" भन्ने शब्दहरूको सट्टा "रकम लिन पाउनेछ" भन्ने शब्दहरू राखिएका छन्।

७. मूल ऐनको दफा २८ मा संशोधन: मूल ऐनको दफा २८ को सट्टा देहायको दफा २८ राखिएको छ :-

"२८. निवृत्तभरण र उपदान : (१) पुनरावेदन अदालतको न्यायाधीशले सो पदमा बाह्र वर्ष र जिल्ला अदालतको न्यायाधीशले बीस वर्षको सेवाको अवधि पूरा गरेको रहेछ भने निजले अवकाश प्राप्त गरे पछि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आफ्नो मासिक पारिश्रमिकको पचास प्रतिशत मासिक निवृत्तभरण पाउनेछ।

तर श्री ५ को सरकारको सेवाबाट न्यायाधीशको पदमा नियुक्ति भई अवकाश प्राप्त गर्ने न्यायाधीशले सरकारी सेवा र न्यायाधीशको पदमा गरी बीस वर्ष वा सो भन्दा बढी अवधि पूरा गरेको रहेछ भने निजले अवकाश प्राप्त गरे पछि माथि लेखिए बमोजिमको मासिक निवृत्तभरण वा देहायको हिसाबले हुने मासिक निवृत्तभरण मध्ये कुनै एक रोज्न सक्नेछ :-

$$\frac{\text{जम्मा सेवा वर्ष} \times \text{मासिक पारिश्रमिक}}{५०}$$

(२) उपदफा (१) बमोजिम निवृत्तभरण पाउनको लागि सेवाको अवधि नपुगेको न्यायाधीशले निजले पूरा गरेको सेवा अवधिको जम्मा वर्षलाई निजको एक महीनाको पारिश्रमिकको अंकले गुणन गर्दा हुन आउने अंक बराबरको एकमुष्ट रकम उपदान पाउनेछ ।

(३) पुनरावेदन अदालतको न्यायाधीशको पदमा बाह्र वर्ष भन्दा बढी सेवा अवधि पूरा गर्ने न्यायाधीशले उपदफा (१) बमोजिम पाउने निवृत्तभरणमा त्यसरी सेवा गरेको प्रत्येक वर्षको लागि निजको मासिक पारिश्रमिकको शून्य दशमलव पाँच प्रतिशतले हुने रकम थप निवृत्तभरण पाउनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (१) र (२) बमोजिमको निवृत्तभरण वा उपदानको प्रयोजनको लागि पुनरावेदन अदालत गठन हुनु भन्दा पहिले क्षेत्रीय अदालतको न्यायाधीशको पदमा काम गरेको अवधिलाई समेत पुनरावेदन अदालतको न्यायाधीशको पदमा काम गरेको अवधि मानिनेछ।

(५) न्यायाधीशको पारिश्रमिक बृद्धि हुंदा पारिश्रमिकको अंकमा जति प्रतिशतले बृद्धि भएको छ निवृत्तभरण पाईरहेको न्यायाधीशको पनि निजले पाई आएको निवृत्तभरणको अंकमा त्यस्तो बृद्धिको छैसठ्ठी प्रतिशतको दरले बृद्धि हुनेछ।

(६) क्षेत्रीय अदालतको न्यायाधीशको पदमा वा श्री ५ को सरकारको सेवा गरे वापत निवृत्तभरण पाईरहेको व्यक्ति न्यायाधीश पदमा नियुक्त भई यस ऐन बमोजिम पनि निवृत्तभरण पाउन सक्ने भएमा निजले अघि पाईरहेको निवृत्तभरण र यस ऐन बमोजिम पाउने निवृत्तभरण मध्ये कुनै एक रोज्न सक्नेछ।

(७) माथि उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भएता पनि खराब आचरण

४६८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको वा आफ्नो पदीय कर्तव्य ईमान्दारी पूर्वक पालन नगरेको कारणबाट पदमुक्त गरिएको न्यायाधीशले यस ऐन बमोजिम निवृत्तभरण वा उपदान पाउने छैन।"

८. मूल ऐनको दफा ३० मा संशोधन : मूल ऐनको दफा ३० को उपदफा (१), (२) र (३) को सट्टा देहायको उपदफा (१),(२) र (३) राखिएका छन् :-

"(१) कुनै न्यायाधीश आफ्नो पदीय कामको सिलसिलामा दुर्घटनामा परी निजको अंग भंग भै वा चोटपटक लागी आफ्नो पदको काम गर्नको लागि असक्त भएमा निजले बाचुञ्जेलसम्म उपदफा (२) मा लेखिए बमोजिम निवृत्तभरणको अतिरिक्त उपदफा (३) मा लेखिए बमोजिमको अशक्त वृत्ति समेत पाउने छ।

(२) उपदफा (१) बमोजिम अशक्त भएको न्यायाधीशले दफा २८ बमोजिम निवृत्तभरण पाउने सेवा अवधि पूरा गरेको भए सोही बमोजिम र पूरा नगरेको भए त्यस्तो अवधि पु-याउन नपुग अवधिको निमित्त दामासाहीको हिसाबले कट्टी गरी बांकी हुन आउने निवृत्तभरणको रकम पाउनेछ।

४६६



५३४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर त्यसरी कट्टी गर्दा निजले सेवा अवधि पूरा गरेमा पाउन सक्ने न्यूनतम निवृत्तभरणाको तीन खण्डको एक खण्ड भन्दा कम हुने गरी कट्टी गरिने छैन।

(३) उपदफा (१) बमोजिम अशक्त भएको न्यायाधीशलाई अवस्था हेरी आर्थिक सहायता बापत दश हजार रुपैंयासम्म एकमुष्ट रकम दिन सकिनेछ।"

लालमोहर सदर मितिः– २०४९।६।२८।४

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४९ सालको ऐन नं २१

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्

## जग्गा (नापजाँच) ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : जग्गा (नापजाँच) ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।



४६८ २३४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "जग्गा (नापजाँच) (सातौं संशोधन) ऐन, २०४९" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. जग्गा (नापजाँच) ऐन, २०१९ को दफा २मा संशोधन : जग्गा (नापजाँच) ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क२) पछि देहायका खण्ड (क३) र (क४) थपिएका छन्:-

"(क३) "साँध" भन्नाले दुई भिन्न टुक्रा जग्गाको बीचको सीमाना निर्धारण गर्ने सीमा रेखा सम्झनु पर्छ।

(क४) "कित्ता" भन्नाले चारैतिर साँधले घेरिएको र प्रत्येक स्थानमा हक भोग र किसिममा समानता भएको जमीनको टुक्रा संझनु पर्छ।"

३. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को:-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) श्री ५ को सरकारले सम्पूर्ण देशभरी वा कुनै क्षेत्रमा नापी सम्बन्धी कार्य गर्न वा गराउन नापीको विभिन्न किसिमका नियन्त्रण बिन्दु तथा चिन्हहरू खडा गर्न, हवाई सर्वेक्षण गर्न, विभिन्न



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मानमा स्थलरूप नापी गरी नक्सा प्रकाशित गर्न कित्ता नापीको सिलसिलामा नक्सा तयार गर्न, जग्गाको क्षेत्रफल यकीन गर्न, किसिम वर्गीकरण गर्न र जग्गा दर्ता गर्न गराउनको लागि जग्गा नाप जाँच गर्ने आदेश जारी गर्न सक्नेछ।"

(२) उपदफा (४) पछि देहायका उपदफा (५) र (६) थपिएकाछन् :-

(५) नाप जाँच गर्ने, त्यस्को क्षेत्रफल यकीन गर्ने र क्षेत्रीय किताबमा दर्ता गर्ने अधिकारीबाट भएको काममा कुनै गल्ती वा त्रुटी भएको देखिएमा वा जानकारी हुन आएमा नापी अधिकृतले आवश्यक छानबिन गरी दफा ८ को उपदफा (१) बमोजिम जग्गाधनी दर्ता प्रमाण पूर्जा वितरण गर्नु अगावै आवश्यक सुधार गराउनु पर्नेछ र यसरी जानाजानी गल्ती वा त्रुटी गर्ने कर्मचारीलाई कानून बमोजिम विभागीय कारवाई गरिनेछ।

(६) उपदफा (१) बमोजिम नाप जाँच भै तयार भएको नक्सा श्रेस्ता तोकिएको अधिकारीले तोकिए बमोजिम अद्यावधिक गर्नेछ।"

४. <u>मूल ऐनको दफा ३क. मा संशोधन</u> : मूल ऐनको दफा ३क. को उपदफा (२) मा रहेका "पंचायतमा नापी वा नक्शा वा त्रिकोण मित्तीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन)" भन्ने शब्दहरूको सट्टा क्षेत्रमा नापी वा नक्शा वा नियन्त्रण बिन्दु स्थान" भन्ने शब्दहरू राखिएकाछन्।

४६० (१८) ३३४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएकोछः-

"४ जग्गाको क्षेत्रफल निकाल्ने तरीका : (१) नाप जाँच भएको जग्गाको क्षेत्रफल कायम गर्दा दश हजार वर्ग मीटर बराबर एक हेक्टरको हिसाबले क्षेत्रफल कायम गरिनेछ र दर्ता श्रेस्ता तयार गर्दा सो श्रेस्तामा हेक्टरको साथै वर्ग मीटर समेत उल्लेख गरिनेछ। त्यसरी वर्ग मीटर उल्लेख गर्दा वर्ग मीटरको दशमलव पछिको दुई अङ्क सम्म राखिनेछ।

(२) यो दफा प्रारम्भ हुनु अघि नाप जाँच भई बिगाहा वा रोपनीमा दर्ता श्रेस्ता कायम भई सकेको जग्गाको क्षेत्रफल मालपोत कार्यालयले हेक्टर र वर्ग मीटरमा परिणत गर्नेछ।"

६. मूल ऐनको दफा ५ पछि देहायको दफा ५क. थपिएकोछः-

"५क. सरकारी र सार्वजनिक जग्गा पहिले नाप नक्शा गर्नु पर्ने : यस ऐन बमोजिम जग्गा नाप जाँच गर्दा नापी गर्नु अगावै नाप जाँच गर्ने निकायले सरकारी जग्गा र सार्वजनिक जग्गाको साँध सिमाना यकीन गरी छुट्याउनु पर्नेछ र यसरी साँध सिमाना छुट्याउँदा कुनै विवाद परेमा दफा ११ख बमोजिम गठित समितिले आवश्यक छानबिन गरी निर्णय गरे अनुसार सिमाना छुटयाइनेछ। यसरी नाप जाँच गर्दा सो जग्गाको साँध सँधियारहरू मध्ये कम्तिमा एक जना सँधियार वा सम्बन्धित गाउँ

४६१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकास समिति वा नगरपालिकाको प्रतिनिधि राख्नु पर्नेछ।"

७. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को,-

(१) उपदफा (४ख) पछि देहायका उपदफा (४ग) र (४घ) थपिएकाछन्:-

"(४ग) आफ्नो नाममा दर्ता तिरो भै भोग चलन गरी आएको निजी वन बुटेन भएको जग्गा सम्बन्धित व्यक्तिले सप्रमाण लिखित रूपमा दाबी गरेमा दफा ११ख. बमोजिम गठित समितिले छानबिन गरी निर्णय गरे अनुसार सम्बन्धित जग्गावालाको नाममा दर्ता गरिनेछ।

(४घ) पुनः नाप जाँच भएको क्षेत्रमा जग्गा नापी गरी क्षेत्रीय किताबमा दर्ता गर्दा गराउँदा यस अघि नाप जाँच गरी तयार भएको मौजुदा नक्शा एवं दर्ता श्रेस्ता हेरी भिडाई क्षेत्रीय किताबको प्रमाण सङ्केतमा सो को विवरण जनाउनु पर्नेछ।"

(२) उपदफा (६क) मा रहेका "सम्बन्धित पंचायतको प्रधानपञ्च उपप्रधानपञ्च र सम्बन्धित वडाका अध्यक्ष मध्ये कुनै एक जना र वडा सदस्य मध्ये दुई जना" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित वडाबाट गाउँ विकास समिति वा नगर पालिकामा निर्वाचित सदस्य" भन्ने शब्दहरू राखिएकाछन्।

८. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपदफा (२) मा रहेका "सम्बन्धित पंचायतको प्रधानपञ्च, उपप्रधानपञ्च र सम्बन्धित वडाका अध्यक्ष मध्ये कुनै एक जना र सम्बन्धित वडा सदस्य मध्ये दुई जना" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित वडाबाट गाउँ विकास समिति वा नगर पालिकामा निर्वाचित सदस्य" भन्ने शब्दहरु राखिएकाछन्।

(२) उप दफा (३) मा रहेको "क्षेत्रफललाई" भन्ने शब्दको सट्टा "सिमानालाई" भन्ने शब्द राखिएकोछ।

९. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को उपदफा (३) मा रहेको "(५ख);" भन्ने शब्द पछि "(५ग), (५घ)" भन्ने शब्दहरु राखिएकाछन्।

१०. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को उपदफा (१) को खण्ड (इ) र (ई) को ठाउँ ठाउँमा रहेका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरु राखिएका छन्:-

"(क) "२००० फीट" को सट्टा "६०० मीटर"

(ख) "३००० फीट" को सट्टा "९०० मीटर"

(ग) "४००० फीट" को सट्टा "१२०० मीटर"

(घ) "५००० फीट" को सट्टा "१५०० मीटर"

(ङ) "६००० फीट" को सट्टा "१८०० मीटर"

(च) "८००० फीट" को सट्टा "२४०० मीटर" "

११. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश झिकिएकोछ।

१२. मूल ऐनको दफा ११ख. मा संशोधन : मूल ऐनको दफा ११ख. मा रहेका "यस ऐन बमोजिम तोकिएको अधिकारीले जग्गा नाप जाँच गर्दा कुनै

463



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गल्ती वा त्रुटी भएको देखिएमा वा त्यस्तो अधिकारीबाट" भन्ने शब्दहरूको सट्टा "नापी अधिकृत वा तोकिएको अधिकारीबाट" भन्ने शब्दहरू राखिएका छन्।

१३. रूपान्तरः मूल ऐन र सो अन्तर्गत बनेको नियमावलीमा ठाउँ-ठाउँमा प्रयोग भएका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखि रूपान्तर गरिएकोछः-

"(१) "पंचायत" को सट्टा "गाउँ विकास समिति वा नगरपालिका"

(२) "पंचायत वा पंचायत वडाको" को सट्टा "गाउं विकास समिति वा नगरपालिकाको क्षेत्र वा वडाको"

(३) "नगर पंचायत" को सट्टा "नगरपालिका"

(४) "गाउं वा नगर पंचायतको" सट्टा "गाउँ विकास समिति वा नगरपालिका"

(५) "त्रिकोण मितीय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन)" भन्ने शब्दहरूको सट्टा "नियन्त्रण बिन्दु स्थान।"

लालमोहर सदर मितिः– २०४९।६।२८।४

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

८६८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।